# कोभिड-१९ बाईभ्यालेन्ट बूस्टर

**बाइभ्यालेन्ट र अघिल्लो बूस्टरहरू बीच के फरक छ ?**
बाइभ्यालेन्ट कोभिड-१९ खोपका दुई भाग छन् जसले थप सुरक्षा प्रदान गर्दछ: एउटा भाग मूल कोभिड-१९ भाइरसका लागि हो भने अर्को भाग ओमिक्रन भेरियन्टका लागि हो ।

**मैले बाइभ्यालेन्ट बूस्टर कहिले लगाउनुपर्छ ?**
प्रत्येक उमेर समूह अनुसार यसका लागि योग्यता फरक-फरक हुन सक्छन् । निम्न समूहका मानिसहरू, दुई मात्राबिच छोटो अन्तरालको समय भएको बूस्टरका लागि योग्य हुन्छन्:

- ७० वर्ष भन्दा बढी उमेरका व्यक्तिहरू
- मध्यमदेखि गम्भीर रूपमा इम्युनोकम्प्रोमाइज्ड रहेका १२ वर्षभन्दा माथिका व्यक्तिहरू
- वरिष्ठ नागरिक गृह वा दीर्घकालीन हेरचाहमा रहेका १२ वर्ष भन्दा माथिका व्यक्तिहरू
- ५५ वर्ष भन्दा माथिका फर्स्ट नेशन व्यक्तिहरू
- ५० वर्ष भन्दा माथिका अफ्रिकी नोभा स्कोचियन व्यक्तिहरू
- गर्भवती महिलाहरू

अद्यावधिक जानकारीको लागि, https://www.nshealth.ca/coronavirusvaccine हेर्नुहोला । तपाईंसँग थप प्रश्नहरू भएमा कृपया १-८३३-७९७-७७७२ नम्बरमा (सोमबार देखि शुक्रबार, बिहान ७ देखि साँझ ७ बजे र शनिवार देखि आइतबार, बिहान १० देखि साँझ ६ बजे) फोन गर्नुहोस् । यस नम्बरमा तपाईंलाई अनुवादकको सुविधापनि उपलब्ध छ ।

**के गर्भवती वा स्तनपान गराईरहेका व्यक्तिहरूले बाइभ्यालेन्ट बूस्टर लगाउनु पर्छ ?**
पर्छ । गर्भधारण गर्ने योजना बनाइरहेका, गर्भवती रहेका तथा स्तनपान गराइरहेका व्यक्तिहरूलाई कोभिड-१९ को खोप लगाउन पब्लिक हेल्थले सुझाव दिएको छ । माथि उल्लेख गरिएझैं, गर्भवती व्यक्तिहरूपनि दुई मात्राबिच छोटो अन्तराल भएको खोपका लागि योग्य हुन्छन् ।

**यदि मलाई पहिले नै कोभिड थियो भने मैले बाइभ्यालेन्ट बूस्टर कहिले लगाउनु पर्छ ?**
यो तपाईंले आफ्नो खोपको प्राथमिक श्रृंखला प्राप्त गर्नुभएको छ वा छैन भन्ने मा निर्भर गर्दछ । कृपया यस वेबसाइटमा "Vaccine Eligibility After COVID-19 Recovery" खण्ड हेर्नुहोस्: https://www.nshealth.ca/coronavirusvaccine ।

**के मैले फ्लूको खोप र कोभिड-१९ बूस्टर एकै समयमा लगाउन सक्छु ?**
सक्नुहुन्छ । ५ वर्ष वा बढि उमेरका व्यक्तिहरूले बूस्टर खोप भन्दा पहिले, पछि वा एकै समयमा सुरक्षित रूपमा फ्लू भ्याक्सिन प्राप्त गर्न सक्छन् । यो साना बच्चाहरूका हकमा भने फरक हुन सक्छ । थप

जानकारीको लागि, https://novascotia.ca/flu/?gclid=EAIaIQobChMI-4uuzdrE_AIVDTizAB3VMg1JEAAYASAAEgJYyfD_BwE हेर्नुहोस् ।

**के मेरा बच्चाहरूले एकै समयमा बालबालिकालाई लगाईने अन्य बाल खोप र कोभिड-१९ बुस्टर प्राप्त गर्न सक्छन् ?**

भर पर्छ । गैर-कोभिड-१९ खोपहरूसँग कोभिड-१९ खोपहरूको समय निर्धारण गर्नका लागि एक स्वास्थ्यकर्मीसँग सल्लाह गर्नुहोस् ।

**कोभिड-१९ को भ्याक्सिन लगाउनु कत्तिको सुरक्षित छ ?**

खोप लगाइसकेपछि अस्थायी साइड इफेक्ट हुनु सामान्य कुरा हो । यी सामान्यतया खोप लगाएको केही घण्टादेखि केही दिनसम्म रहन्छन् । तपाईंले सुई लगाएको ठाउँमा रातोपन, सूजन वा दुखाइ हुने जस्ता सामान्य साइड इफेक्टहरू हुन सक्छ । थकाइ लाग्ने, रुघाखोकी लाग्ने, हल्का ज्वरो आउने, टाउको दुख्ने, मांसपेशी दुख्ने र जोर्नी दुख्ने जस्ता थप सामान्य साइड इफेक्ट हुन सक्छन् ।  रोग प्रतिरोधात्मक क्षमता बढाउनका लागि यो शरीरको प्राकृतिक प्रतिक्रिया हो ।

भ्याक्सिनका कारण एनाफिलेक्सिस नामक गम्भीर एलर्जी हुने सानो सम्भावना भने रहेको हुन्छ । सामान्यतया कुनै व्यक्तिले खोप लगाएको केही समयपछि यसो हुन सक्छ र यसको उपचार पनि गर्न सकिन्छ । यसैले तपाईंलाई खोप लगाएपछि कम्तिमा १५ मिनेटकोलागि क्लिनिकमै रहन आग्रह गरिन्छ ताकि यी प्रतिक्रियाहरूको जाँच गर्न र छिटो उपचार गर्न सकियोस । साइड इफेक्टको बारेमा थप जानकारीकोलागि, https://www.nshealth.ca/coronavirus-what-expect-covid-19-vaccine-clinic मा जानुहोस् ।

**यदि मैले अर्को देशमा कोभिड-१९ को भ्याक्सिन लगाएँ भने के मैले बाइभ्यालेन्ट बुस्टर लगाउनु पर्छ ?**

पर्छ । यद्यपि तपाईंको भ्याक्सिन रेकर्ड भने नोभा स्कोचियाको स्वास्थ्य प्रणालीमा बूस्टर अपोइन्टमेन्ट बुक गर्नु अघि नै अद्यावधिक भएको हुनुपर्छ ।

तपाईंले अर्को देश वा अर्को प्रान्तबाट लिएको खोपको प्रमाण यस लिंक मार्फत अपलोड गर्न सक्नुहुन्छ: https://vaccineentryservice.novascotia.ca/ । तपाईंको रेकर्ड अद्यावधिक हुन केही हप्ता लाग्न सक्छ ।

**मैले मेरो खोप को प्रमाण कसरी प्राप्त गर्न सक्छु ?**

तपाईंले आफ्नो खोपको प्रमाण यहाँ प्राप्त गर्न सक्नुहुन्छ:
https://novascotia.flow.canimmunize.ca/en/portal ।
कृपया ध्यान राख्नुहोस कि अघिल्लो प्रश्नमा व्याख्या गरिए झैं, तपाईंले अपलोड नगरे सम्म, अन्य देशमा लगाउनुभएका खोपको अघिल्ला मात्राहरूको जानकारी स्वचालित रूपमा यस प्रणालीमा देखा पर्दैनन् ।

**मैले कसरी बाइभ्यालेन्ट बूस्टर प्राप्त गर्न सक्छु?**

सुरु गर्नु अघि:

- अनलाईन अपोईन्टमेन्ट बुक गर्नुअघि तपाईंसंग नोभा स्कोचिया हेल्थ कार्ड हुनु आवश्यक छ ।
- यदि तपाईंसँग हेल्थ कार्ड छैन भने, १-८३३-७९७-७७७२ मा फोन गर्नुहोस् । अनुवादक उपलब्ध रहने छन् ।
- यदि कोभिड-१९ खोपको थप वा बुस्टर मात्रा बुक गर्दै हुनुहुन्छ भने तपाईंले योग्यताको प्रमाण देखाउनुपर्ने हुन सक्छ । यसको मतलब तपाईंको पहिलेको कोभिड-१९ खोप नोभा स्कोचियाको प्रणालीमा अद्यावधिक हुनु आवश्यक छ । अर्को देश वा प्रान्तमा प्राप्त गरेको खोपको मात्रा अपलोड गर्न, यस वेबसाइटमा जानुहोस्: https://vaccineentryservice.novascotia.ca/

अपोइन्टमेन्ट कसरी बुक गर्ने:

- क्लिनिकको लागि अनलाइन: https://novascotia.flow.canimmunize.ca/en/covid-flu-booking
- १-८३३-७९७-७७७२ मा (सोमबार देखि शुक्रवार, बिहान ७ देखि सांझ ७ बजे र शनिवार देखि आइतबार, बिहान १० देखि सांझ ६ बजे सम्म) फोन गर्नुहोस् ।
  - यदि तपाईंलाई भाषा अनुवादकको आवश्यकता छ भने, तपाईंको अपोइन्टमेन्ट बुक गर्न यसै नम्बरमा फोन गर्नुहोस् (१२५ भन्दा बढी भाषाहरू उपलब्ध छन्) ।
  - जब तपाईं यो नम्बरमा फोन गर्नुहुन्छ, एक विशेषज्ञले तपाइँसँग स्वास्थ्य स्क्रिनिंग प्रश्नहरू गर्नेछन् र खोपको बारेमा तपाईंको जिज्ञासाको जवाफ दिनेछन् ।
- थप जानकारीको लागि, आईसान्सको How to Book a Vaccine Appointment - Project Beacon वेबसाइट हेर्नुहोस्।

ड्रप-इन क्लिनिक कसरी फेला पार्ने

- विभिन्न ड्रप-इन क्लिनिकहरूमापनि खोपहरू प्रदान गरिन्छ । यसका स्थान र समय हरेक साता परिवर्तन हुन्छन् । https://www.nshealth.ca/drop-in-vaccine-clinics
- फार्मेसीहरूलेपनि ड्रप-इन क्लिनिकहरू प्रदान गर्छन्: https://pans.ns.ca/walk-covid-19-vaccine-clinics
- फार्मेसीहरूले खोप लगाउदै गर्दा विभिन्न भाषाहरूमा ब्रोशरहरूपनि प्रदान गर्न सक्दछन् ।

isans Immigrant Services Association of Nova Scotia